नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

(....................योजना तथा अनुगमन.....शाखा)

सानोठिमी, भक्तपुर

पत्र संख्या :- २०७९।८०
चलानी नं. :- ८५

मितिः २०७९।०८।१८

विषयः राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका क्रियाकलापहरूको कार्यान्वयन प्रक्रिया।

**श्री स्थानीय तह**
**सबै।**

प्रस्तुत विषयमा चालु आ.व. २०७९।८० को स्वीकृत वार्षिक कार्यक्रम तर्फ बउशिनं ३५०००१०९ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका क्रियाकलापहरू मध्ये शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रलाय (मा.मन्त्रिस्तर) को मिति २०७९।०५।२९ गतेको निर्णय अनुसार विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम अन्तर्गत २ कोठे र ४ कोठे भवन एवम् विद्यालयमा सूचना प्रविधि प्रयोगशाला तथा पुस्तकालय स्थापनाका लागि अनुदान कार्यक्रम अन्तर्गत ICT Lab को कार्यक्रम प्राप्त गर्ने विद्यालयहरूको विस्तृत विवरण केन्द्रको वेबसाइट (www.cehrd.gov.np) मार्फत यस अगाडि नै सार्वजनिक भइसकेको व्यहोरा अवगत नै छ । सो सम्बन्धमा उक्त अनुसारका कार्यक्रम कार्यान्वयन गर्न तोकिए बमोजिमको बजेट सम्बन्धित स्थानीय तहमा वित्तीय हस्तान्तरण समेत भइसकेकोले कार्यक्रम कार्यान्वयन प्रक्रिया यसैसाथ संलग्न राखि कार्यान्वयनका लागि पठाइएको व्यहोरा केन्द्रको मिति २०७९।०८।१८ गतेको निर्णय अनुसार अनुरोध छ ।

२०७९।८।१८
रामप्रसाद शर्मा
शाखा अधिकृत

**बोधार्थः**
श्री शिक्षा विकास तथा समन्वय इकाइ,
सबैः आवश्यक समन्वय र सहजीकरणका लागि।
श्री कार्यक्रम प्राप्त गर्ने विद्यालयहरू, सबैः जानकारीका लागि।

फोन नं. : ६६३४१७८, ६६३४१७९, ६६३४१८०, ६६३१०७५, ६६३१९७१, ६६३१९७४, ६६३३६२५, ६६३३०२८, फ्याक्स नं. ६६३१९७२, ६६३१९७३, ६६३३६२४
वेभसाइटः www.doe.gov.np, इमेलः doestat@mos.com.np, doedg@mos.com.np

आ.व. २०७९।८० को राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम

# अन्तर्गतका क्रियाकलापहरूको कार्यान्वयन प्रक्रिया

**आ.व. २०७९।८० का लागि व.उ.सि.नं. ३५०००१०९ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका क्रियाकलापहरू कार्यान्वयन गर्दा स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइले तपसिल अनुसार कार्यसम्पादन गर्नुपर्नेछ :**

यस कार्यक्रम अन्तरगतका क्रियाकलापहरुमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट छनोट भई वजेट विनियोजन भएका स्थानीय तहहरुले आफू अन्तर्गतका विद्यालयहरूमा तोकिएको कार्यक्रम कार्यान्वयनका निम्नानुसार कार्यसम्पादन गर्ने।

१. यस कार्यक्रम अन्तर्गतको कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइटमा भएको विद्यालयहरुको सूचीको आधारमा सम्वन्धित क्रियालापका लागि तोकिएको वजेट स्थानीय तहले सम्वन्धित विद्यालयको खातामा नियमानुसार रकम निकासा गर्नुपर्नेछ।

२. सूचीमा उल्लेख भएका विद्यालय र कार्यक्रमको लागि मात्र बजेट निकासा गर्ने, उल्लेखित सूचिमा विद्यालयको नाम र ठेगाना स्पष्ट नभएमा स्थानीय तहको सिफारिसमा यस केन्द्रबाट थप स्पष्ट पार्न सकिनेछ।

३. एक विद्यालयमा सुचिकृत भएको कार्यक्रमको बजेट अर्को विद्यालयमा खर्च गर्न पाइने छैन र एउटा कार्यक्रमको लागि विनियोजन गरिएको रकम अर्को कार्यक्रममा खर्च गर्न पाइने छैन,

४. कार्यक्रम कार्यान्वयनको अवस्थाको प्रगति विवरण सम्वन्धित विद्यालयले तयार गरी प्रत्येक महिनाको अन्त्यमा स्थानीय तहमा पेश गर्नुपर्नेछ। स्थानीय तहबाट नियमित अनुगमन गरी त्रैमासिक कार्यप्रगति शिक्षा विकास तथा समन्वय इकाइमा पठाउनु पर्नेछ। इकाइले जिल्ला भित्र सञ्चालित कार्यक्रम कार्यान्वयनको प्रगति विवरण तयार गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउनुपर्नेछ।

५. यस कार्यक्रम अन्तरगतका क्रियाकलापहरुको कार्यान्वयन गर्दा स्थानीय तहका शिक्षा महाशाखा/शाखा प्रमुखको संयोजनमा स्थानीय तहबाट नियमित अनुगमन गर्ने तथा आवश्यक सहजीकरण र प्राविधिक सहायता उपलब्ध गराउनुपर्नेछ।

६. यस कार्यक्रमको कार्यान्वयन पश्चात निकासा रकमको लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखा परीक्षणको दायित्व सम्वन्धित विद्यालयको हुनेछ।

७. विद्यालयले यस कार्यक्रम अन्तरगतका क्रियाकलाप कार्यान्वयन गर्दा सार्वजनिक खरीद ऐन २०६३ (संशोधन सहित) तथा नियमावली २०६४ (संशेधन सहित) अनुसारको प्रक्रिया अवलम्वन गरी स्वीकृत कार्यविधि एवम् सर्तहरुको परिपालना गर्नुपर्नेछ।

चूडामणि पौडेल
महानिर्देशक

८. **ससर्त अनुदान अन्तर्गत वित्तीय हस्तान्तरण भई स्थानीय तह मार्फत विद्यालयलाई उपलब्ध हुने अनुदान रकममा कन्टिनजेन्सी बापतको रकम कट्टा नगरी तोकिएको रकम सम्बन्धित विद्यालयको खातामा उपलब्ध गराउनुपर्नेछ।** कन्टिनजेन्सी रकम कट्टा गर्ने गरी कार्यक्रम कार्यान्वयनका लागि रकम विनियोजन नगरिएकोले कट्टा गर्दा लक्षित कार्यक्रम सम्पन्न गर्न नसकिने हुनाले कन्टिनजेन्सी बापतको रकम आवश्यक परेमा स्थानीय तहले वित्तिय हस्तान्तरण भै गएका वा आन्तरिक स्रोतवाट व्यवस्थापन गर्नु पर्नेछ।

९. विद्यालय कक्षाकोठा निर्माण तथा विद्यालयमा IT ल्याव व्यवस्थापन कार्यक्रमका लागि विनियोजित रकम अपर्याप्त भएमा स्थानीय तहले स्वीकृत लागत अनुमानका आधारमा आफ्नो स्रोतबाट थप गर्न सक्नेछ।

१०. कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहले वजेट तथा कार्यक्रम प्राप्त भएपश्चात आवश्यक प्रक्रिया पुरागरी अविलम्ब विद्यालयको खातामा तोकिएबमोजिमको रकम निकासा दिने। विद्यालयले रकम प्राप्त गरेपछि यसै आर्थिक वर्ष भित्रै तोकिएको कार्य सम्पन्न गर्नुपर्नेछ। समयमै कार्यक्रम सम्पन्न नगरी निकाशा फ्रिज हुन गएमा विद्यालय नै जवाफदेही हुनु पर्नेछ।

११. निर्माण कार्यको नियमित अनुगमन गर्ने तथा आवश्यक प्राविधिक सहायता उपलव्ध गराउने कार्य सम्बन्धित स्थानीय तहबाट गर्नुपर्नेछ। स्थानीय तहबाट निर्माण कार्यका लागि प्राविधिक सहायता उपलव्ध हुन नसकेमा स्थानीय तहको सिफारिसमा जिल्लास्थित प्राविधिक जनशक्ति उपलब्ध हुन सक्ने कार्यालयबाट प्राविधिक सहायता लिन सकिनेछ।

१२. यस क्रियाकलाप अन्तर्गत समावेश गरिएका उपक्रियाकलापहरु कार्यान्वयन गर्दा तपसिल अनुसारको कार्यप्रक्रिया अवलम्बन गरी कार्यसम्पादन गर्ने गराउने।

## तपसिल

| क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **क्रियाकलाप नं ११.१.२.१३४० विद्यालय कक्षाकोठा निर्माण अनुदान ( २ कोठे तथा ४ कोठे भवन)**<br>क) चालु आ.व. २०७९।८० मा यस कार्यक्रमका लागि छनौट भएका विद्यालयहरूको विवरण शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट मार्फत सार्वजनिक भएको छ।<br>ख) २ कोठे र ४ कोठे भवन निर्माणका लागि छनोट भएका विद्यालयले स्वीकृत ड्इङ डिजाइन, लागत अनुमान र विव्यसको निर्णयसहित तोकिए बमोजिम भवन निर्माण गर्न सम्बन्धित स्थानीय तहमा रकम निकाशाका लागि प्रस्ताव पेश गर्ने,<br>ग) स्थानीय तहले विद्यालयमा २ कोठे भवन निर्माणका लागि तराइमा भए २२ लाख ५० हजार, पहाडमा भए २५ लाख र हिमालमा भए २७ लाख ५० हजारका दरले र ४ कोठे भवन निर्माणका लागि तराइमा भए ४५ लाख, पहाडमा भए ५० लाख र हिमालमा भए ५५ लाखका दरले अनुदान विद्यालयलाई निकासा दिने, | **मुख्य जिम्मेवार**<br>• गाँउपालिका/नगरपालिका<br>• विद्यालयहरू<br><br>**सहजीकरण/समन्वय**<br>• शिक्षा विकास तथा समन्वय इकाइ | • स्वीकृत कार्यक्रम तथा निर्माण सम्पन्न भौतिक पूर्वाधार सङ्ख्या<br>• नापी किताव<br>• कार्य सम्पन्न प्रतिवेदन |

चूडामणि पौडेल
महानिर्देशक

| क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| घ) विद्यालयले भवन निर्माण गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को विद्यालय भौतिक निर्माणमा उल्लेखित कार्यप्रक्रिया अवलम्वन गर्ने,<br>ङ) निर्माण कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत ड्रइङ डिजाइनका आधारमा गर्ने ( ड्रइङ डिजाइन शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ ।)<br>च) तोकिएका हिमाली जिल्लामा तोकिएको नक्सामा भवन निर्माण गर्न नसकिने भएमा कारण र औचित्य सहित स्थानीय तहको सिफारिसमा यस केन्द्रको अनुमति लिइ नक्सा परिवर्तन गर्न सकिनेछ ।<br>छ) भवन निर्माण कार्य गर्दा सार्वजनिक खरीद ऐन नियमावली वमोजिम गर्ने ।<br>ज) भवन निर्माणका लागि विद्यालयले पेश गरेको लागत अनुमान यस केन्द्रबाट विनियोजित बजेट भन्दा बढी भएमा नपुग बजेट सम्वन्धित स्थानीय तहले थप गरी निर्माण कार्य सम्पन्न गर्न सकिनेछ । | | |
| **क्रियाकलाप नं ११.३.२०.१ विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital library व्यवस्थापनका लागि अनुदान**<br>क) चालु आ.व. २०७९।८० मा यस कार्यक्रमका लागि छनौट भएका विद्यालयहरूको विवरण शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट मार्फत सार्वजनिक भएको छ ।<br>ख) विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital library व्यवस्थापनका लागि विव्यसको निर्णयसहित सम्वन्धित विद्यालयले स्थानीय तहमा रकम निकासाका लागि प्रस्ताव पेश गर्ने,<br>ग) प्रस्ताव प्राप्त भएपछि विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital library व्यवस्थापनका लागि छनौट भएका विद्यालयको खातामा स्थानीय तहले प्रति विद्यालय ६ लाख ५० हजारको दरले अनुदान निकासा दिने । निकासा दिंदा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तोकेको स्पेसिफिकेसन अनुसार भए नभएको हेरी निकासा दिने र सोको प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने ।<br>घ) प्राप्त अनुदानबाट विद्यालयले शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तोकेको स्पेसिफिकेसन अनुसार IT Lab स्थापना, सुदृढीकरण एवम् Digital library व्यवस्थापन गर्ने, | **मुख्य जिम्मेवार**<br>• गाँउपालिका/नगरपालिका<br>• विद्यालयहरू<br><br>**सहजीकरण/समन्वय**<br>• शिक्षा विकास तथा समन्वय इकाइ | • स्थापना भएका ल्याव संख्या<br>• निकासा आदेश<br>• कार्य सम्पन्न प्रतिवेदन |

चूडामणि पौडेल
महानिर्देशक

<table>
<tr><th>क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया</th><th>जिम्मेवारी</th><th>प्रगति सूचक</th></tr>
<tr><td>ङ) विद्यालयले IT Lab स्थापना, सुदृढीकरण एवम् Digital library व्यवस्थापन गर्दा सार्वजनिक खरीद ऐन/नियमावलीले निर्दिष्ट गरे बमोजिमको प्रक्रिया अवलम्बन गर्ने।</td><td></td><td></td></tr>
<tr><td>नयाँ प्रविधिक धारका विद्यालय सञ्चालनका लागि शिक्षण सहयोग अनुदान तथा ल्याव व्यवस्थापन अनुदान एवम् प्राविधिक धार सञ्चालित विद्यालयमा ल्याव सुदृढीकरण तथा स्तरोन्नतिका लागि अनुदान :<br>अ. ल्याव व्यवस्थापन अनुदान<br>क) चालु आ.व. २०७९।८० मा यस कार्यक्रमका लागि छनौट भएका विद्यालयहरूको विवरण शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट मार्फत सार्वजनिक हुनेछ।<br>ख) छनौट भएका विद्यालयले प्राविधिक धारको कक्षा सञ्चालनका लागि तोकिए बमोजिमको सामग्री खरिद गर्न विव्यसको निर्णयसहित स्थानीय तहमा रकम निकासाका लागि निवेदन पेश गर्ने,<br>ख) यस क्रियाकलापमा बजेट विनियोजन भएका स्थानीय तहले शैक्षिक सत्र २०८० बाट कक्षा ९ मा प्राविधिक धारको कक्षा सञ्चालन गर्न यस केन्द्रबाट अनुदान प्राप्त गर्ने गरी स्वीकृत विद्यालयहरुलाई स्वीकृत विषयक्षेत्र अनुसार तपशिलमा उल्लेखित धार बमोजिमको अनुदान रकम ल्याव व्यवस्थापनका लागि विद्यालयलाई एकमुष्ठ उपलब्ध गराउने। विद्यालयले यस केन्द्रबाट स्वीकृत सुची अनुसारका ल्याव सामग्री व्यवस्थापन गरी ल्याब सञ्चालन गर्ने।
<table>
<tr><th>धार</th><th>रकम</th></tr>
<tr><td>बाली विज्ञान</td><td>२६ लाख</td></tr>
<tr><td>पशु विज्ञान</td><td>२६ लाख</td></tr>
<tr><td>सिभिल इन्जिनियरिङ</td><td>५० लाख</td></tr>
<tr><td>कम्प्यूटर इन्जिनियरिङ</td><td>२५ लाख</td></tr>
<tr><td>इलोक्ट्रिकल इन्जिनियरिङ</td><td>२५ लाख</td></tr>
</table>
ग) प्राविधिक धारको कक्षा सञ्चालन हुने विद्यालयमा ल्याव निर्माण गर्दा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन निर्देशिका, २०६९ (संसोधन सहित) र पाठ्यक्रमले तोकेका आधारमा विद्यालयले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ल्याव सामग्री खरिद गरी सञ्चालनमा ल्याउने।</td><td><u>मुख्य जिम्मेवार</u><br>• गाँउपालिका/नगरपालिका<br>• विद्यालयहरू<br><br><u>सहजीकरण/समन्वय</u><br>• शिक्षा विकास तथा समन्वय इकाइ</td><td>• स्थापना भएका ल्याव संख्या<br>• निकासा आदेश<br>• शिक्षण सहयोग अनुदान प्राप्त विद्यालय संख्या</td></tr>
</table>

चूडामणि पौडेल
महानिर्देशक

| क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **आ. शिक्षण सहयोग अनुदान**<br>क) चालु आ.व. २०७९।८० मा यस कार्यक्रमका लागि छनौट भएका विद्यालयहरूमा कक्षा ९ बाट प्राविधिक धारको कक्षा सञ्चालनको गर्न विद्यालयमा माध्यमकि तह तृतीय श्रेणीको शिक्षक सरहको १ जना प्रशिक्षक तथा निम्नमाध्यमिक तह तृतीय श्रेणीको शिक्षक सरहको १ जना सहायक प्रशिक्षक नियमानुसार नियुक्ति गरी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा उल्लेखित सेवा सुविधा अनुसार ३ महिनाको बराबरको अनुदान विद्यालयहरुलाई उपलव्ध गराउने। | | |
| **पढ्दै कमाउदै कार्यक्रम सञ्चालनमा विद्यालयहरुका लागि अनुदान :**<br>क) चालु आ.व. २०७९।८० मा यस कार्यक्रमका लागि छनौट भएका विद्यालयहरूको विवरण शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट मार्फत सार्वजनिक हुनेछ।<br>ख) चालु आव २०७९।८० मा पढ्दै कमाउदै कार्यक्रमका लागि छनौट भएका नयाँ विद्यालयले कार्यक्रम सञ्चालन क्षेत्र, क्रियाकलाप, कार्यान्वयनको समयतालिका सहितको कार्ययोजना र विव्यसको निर्णय समावेश गरी सम्वन्धित स्थानीय तहमा रकम माग गर्ने।<br>ग) कार्यक्रम सञ्चालनका लागि अनुदान प्राप्त गरेका स्थानीय तहले तोकिएका विद्यालयका लागि **पढ्दै कमाउदै कार्यक्रम सञ्चालन कार्यविधि २०७८** मा उल्लेखित कार्य प्राकिया वमोजिम विद्यालयका लागि स्वीकृत वजेटको परिधि भित्र रहि अनुदान कार्यविधिमा उल्लेखित विद्यालयले कार्यक्रम सञ्चालन क्षेत्र, क्रियाकलाप, कार्यान्वयनको समयतालिका सहितको कार्ययोजना समावेश गरी विद्यालय सँग सम्झौता गर्ने,<br>घ) कार्यविधि वमोजिम कार्यक्रम सञ्चालनका लागि विद्यालयलाई सुरुमा ५० प्रतिशत रकम उपलव्ध गराउने,<br>ङ) विद्यालयबाट कार्ययोजनामा उल्लेखित कार्यक्रमहरुको कार्यप्रगतिको नियमित अनुगमन गरी सोका आधारमा बाँकी ५० प्रतिशत रकम उपलव्ध गराउने,<br>च) विद्यालयले सम्पादित कार्यको प्रगति स्थानीय तह तथा यस केन्द्रको शैक्षिक प्रविधि शाखामा नियमित उपलव्ध गराउने,<br>छ) स्वीकृत कार्यविधि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा यस केन्द्रको वेभसाइटबाट डाउनलोड गर्न सकिनेछ। | **मुख्य जिम्मेवार**<br>• गाँउपालिका/नगरपालिका<br>• विद्यालयहरू<br><br>**सहजीकरण/समन्वय**<br>• शिक्षा विकास तथा समन्वय इकाइ | • निकासा आदेश<br>• शिक्षण सहयोग अनुदान प्राप्त विद्यालय संख्या<br>• कार्यक्रमको प्रगति प्रतिवेदन |

चूडामणि पौडेल
महानिर्देशक